# *गौर नगरपालिका*
# *१२ औं नगर अधिवेशन*
# *आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम*

गौर नगरपालिकाको बाह्रौं नगर अधिवेशनका प्रमुख अतिथि पूर्व प्रधानमन्त्री सम्माननीय श्री माधव कुमार नेपालज्यू, विशिष्ट अतिथि प्रदेश सांसद माननीय नागेन्द्र प्रसाद साहज्यू, विशिष्ट अतिथि प्रदेश सांसद माननीय किशोरी देवीज्यू, नगर अधिवेशनका उपाध्यक्ष एवं यस नगरपालिकाका उपप्रमुख श्री शैल कुमारी साहज्यू, रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु, नगर अधिवेशनका सदस्यज्यूहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुखज्यूहरु, नागरिक समाजका अग्रजज्यूहरु, जेष्ठ नागरिक समाजका अध्यक्ष तथा प्रतिनिधिज्यू, नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्षज्यू, लगायत सम्पूर्ण संचारकर्मी मित्रहरु एवं यस गरिमामय सभामा विभिन्न क्षेत्रबाट उपस्थित अतिथिज्यूहरु लगायत सम्पूर्ण आदरणीय नगरवासीहरुमा हार्दिक स्वागत एवं अभिवादन गर्दछु।

आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम, यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै खुशी लागेको छ । यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जन–आन्दोलनहरुमा जीवन–बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान र कठिन परिस्थितिमा त्याग र परिवर्तनको लागि नेतृत्व गर्ने व्यक्तित्व एवं सबैमा उच्च सम्मान समेत व्यक्त गर्दछु ।

देशको परिवर्तनमा महत्वपूर्ण योगदान गर्दै आएको गौर नगरवासीको दृढ ईच्छाशक्तिले हाम्रै पालामा गौर नगरलाई व्यवस्थित बनाउन सकिन्छ भन्ने आत्मविश्वास नै हाम्रो उर्जा हो । यसैको बलमा विगत देखि यहाँको बासिन्दाहरु अनेकौ आपत विपत एवं चुनौतीहरु संग जुध्दै सम्मानको नयाँ नयाँ इतिहास खडा गर्दै आएको विगत हामीहरु बिच छर्लङ्गै छ । अबको यो नयाँ चुनौतीको सामना पनि हामी सोही अनुसार गर्नेछौ, भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

नगरको विकासका लागि नागरिकसँग गरेका प्रतिवद्धताहरुलाई मुर्त रुपमा ल्याउन हामीहरुले २०७९ जेष्ठ ६ गते पदभार ग्रहण गरेको पहिलो दिन (Day–One) देखि, लागि परेको यहाँहरुलाई निवेदन समेत गर्न चाहन्छु ।

प्राकृतिक स्रोत तथा वित्त आयोगबाट कार्य सम्पादन मूल्यांकन हुदाँ, गौर नगरपालिका, मधेश–प्रदेश भरि मै पहिलो स्थान प्राप्त गरी गौर नगरवासीको शिर ठाडो पार्ने कार्य, हामीबाट भएको सहर्ष निवेदन गर्न चाहन्छु ।

चालु आर्थिक वर्षको चौथों त्रैमासिक समानीकरण अनुदान तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान रकम कटौती भएको कारण, हामीले १० औं नगरसभाबाट तयार गरेका नीति तथा कार्यक्रम र बजेटमा प्रतिकूल असर पुग्न गएको व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्न चाहन्छु ।

गत विगत वर्षको अनुदान रकम भन्दा चालु आ.व.मा र आगामी आ.व.मा समेतमा अनुदान बजेट कटौती हुँदा पूँजिगत खर्चमा अनपेक्षित परिमार्जन गर्नु पर्ने अवस्था श्रृजना भयो । फलस्वरुप आगामी आ.व.मा प्रशासनिक खर्चमा समेत कटौती गर्नु पर्ने अवस्था विद्यमान रहेको भएता पनि गौर नगरवासीको जीवनस्तर उकास्न तथा नगरलाई व्यवस्थित तथा पूर्वाधार र प्रविधिमैत्री, बनाउन हामीहरु, दिन रात लागि परेको व्यहोरा स्मरण गराउन चाहन्छु ।

यस नगरपालिकालाई संघ सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र न्यून आन्तरिक स्रोतले नगरको पूर्वाधार विकास, शैक्षिक विकास, आर्थिक विकास, स्वास्थ्यक्षेत्र सुधार लगायत पर्यटन विकास र सामाजिक विकास सम्बन्धि हाम्रो पहिलो १ वर्षे कार्यकालमा भए गरेका कार्यहरु यहाँहरु सबैको सामुन्ने स्पष्ट रुपले विद्यमान नै छ ।

यसरी नगरक्षेत्रमा अधुरा रहेका कतिपय योजनाहरु र यस नगरपालिको स्रोतबाट हुन नसकेका अत्यावश्यक पूर्वाधार विकासका कार्यहरु हाम्रो प्रयासमा संघीय सरकार र प्रदेश सरकारको सहयोगबाट नगरको गौरवका आयोजना तथा कार्यक्रमहरु हाल संचालनमै रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोश्रो स्थानीय तह निर्वाचनबाट हामीले यस नगरपालिकाको जिम्मेवारी ग्रहण गरेको एक वर्ष व्यतित भई सकेको छ । यस एक वर्षमा नगरवासी प्रति पूर्ण उत्तरदायी बनेर हामीले कार्य गरेका छौ र सबै नगरवासीको न्यानो माया एवं सहयोग आगामी दिनहरुमा पनि प्राप्त भई रहने विश्वास समेत लिएको छु ।

विश्वव्यापी कोभिड संक्रमण र श्रृजित आर्थिक मन्दीबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्र संकुचित भएको परिप्रेक्ष्यमा स्थानीय अर्थतन्त्र पनि मन्दीको मारमा खुम्चिएको छ ।

नेपालको संविधान २०७२, १५ औं योजना, दिगो विकास लक्ष्य, संघीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई यो बजेट तर्जुमाको मार्ग दर्शनको रुपमा लिईएको छ । साथै स्थानीय प्रबुद्ध वर्ग, व्यवसायी, राजनीतिक दल एवं सामाजिक संघ संस्था र नगरवासीबाट प्राप्त सुझाव समेतलाई आधार मानेको छु ।

**उपस्थित सभा सदस्यज्यूहरु**

म अब यस नगरपालिकाको स्थानीय अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती एवं अवसरहरुको संक्षिप्त प्रस्तुती गर्न चाहन्छु ।

गौर नगरपालिकाको साधारण खर्च निरन्तर रुपमा बृद्धि हुदैं गएपनि, पूँजिगत खर्च अपेक्षित गतिमा बढ्न सकेको छैन् । नगरभित्र संघ र प्रदेश सरकारबाट अघि बढाईएका योजनाहरुमा

निर्माण कम्पनीले समयमै तोकिएको कार्य प्रगति नगरेको, यस नगरपालिकाले संचालन गरेको आयोजनाहरुमा समेत जग्गा सम्बन्धी विवाद, मुद्दा मामिला जस्ता अवरोधहरुले पूँजिगत खर्च, लक्ष्य अनुरुप हासिल हुन सकेको छैन् ।

उच्च प्रतिफलयुक्त, नगरको विकासमा दुरगामी प्रभाव पार्न सक्ने, प्राथमिकतापूर्ण आयोजनाहरु पहिचान गरी "नगर योजना बैक" तर्जुमा गरी विनियोजन कुशलता कायम गर्दै सार्वजनिक खर्चको सुनिश्चतता गर्नु पर्ने चुनौती हामी सँग विद्यमान रहेको छ ।

संघीय एवं प्रदेश सरकारबाट हुने अन्तरसरकारी वित्तिय हस्तान्तरण प्रतिको अति निर्भरताबाट मुक्त हुदै आन्तरिक राजश्वका नयाँ स्रोतहरु पहिचान गर्नु, राजश्व चुहावट नियन्त्रण गर्नु, करका दायरामा आउन नसकेका करदाताहरुलाई दायरा भित्र ल्याउनु, व्यवसायमैत्री वैज्ञानिक कर निर्धारण गरी आन्तरिक राजश्वका दायरा विस्तार गर्दै जानु र कर प्रशासनलाई पूर्ण रुपमा प्रविधिमैत्री तुल्याउनु चुनौती पूर्ण रहेकोछ ।

**उपस्थित सभा सदस्यज्यूहरु**

आर्थिक वर्ष २०८०/०८१ को बजेटलाई मैले निम्न उदेश्यहरु परिपूर्ति तर्फ केन्द्रित गरेको छु ।

**क.** शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत सेवालाई सर्वसुलभ एवं गुणस्तरीय तुल्याउने,

**ख.** सन्तुलित एवं समावेशी पूर्वाधार विकासलाई तिव्रता दिने,

**ग.** उद्यमशिलता अभिबृद्धि गरी स्थानीय स्तरमा रोजगारी बढाउने,

**बजेटका प्राथमिकताहरु निम्नानुसार उल्लेख गरेको छु** ।

**क.** शिक्षा र स्वास्थ्य

**ख.** सरसफाई, फोहोर व्यवस्थापन एवं वातावरण संरक्षण

**ग.** पर्यटन एवं कृषि

**घ.** गुणस्तरीय भौतिक पूर्वाधार

**ङ.** सुशासन एवं डिजिटल सेवा प्रवाह

गौर नगरवासीको बहुप्रतिक्षित तथा पर्यटकीय दृष्टिकोणले समेत गौरको गौरब घण्टाघर निर्माण कार्य यसै आ.व.मा संचालनमा ल्याईएको र आगामी आ.व.को माघ मसान्त सम्म पूर्ण रुपले तयार भई नगरवासीलाई हस्तान्तरण गरिने व्यहोरा समेत यस सम्मानित सभाको माध्यमबाट नगरवासीलाई अवगत गराउन चाहन्छु ।

सामाजिक रुपान्तरण तथा नवीन सोचको अवधारणा अनुरुप गौर नगरलाई पर्यटकीय दृष्टिकोणले आकर्षक बनाउन गौरको विच भागमा रहेको बरहवा ताललाई सौन्दर्यीकरणको कार्य अगाडी बढाउदै निकट भविश्यमा नै बन्जी जम्पिङ्ग, जिप लाईन, मोटर बोटिङ्ग, पिकनिक स्पट जस्ता कृयाकलाप विस्तार गरी गौर नगरलाई पर्यटनको दृष्टिले पनि सम्भाव्य बनाउन म अग्रसर रहेको व्यहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु । साथै

शिवालय पोखरी तथा लाल वकैयाको किनारमा सम्भावित पर्यटकिय केन्द्रको निर्माण कार्य बढाउने सोच राखेको छु ।

विगतमा गौर नगरपालिकाबाट निर्मित नालाहरु स्लैब विहिन निर्माण भएकोमा चालु आ.व.मा उक्त नालाहरुमा स्लैब राख्न लगाईएको छ । साथै चालु आ.व.मा निर्मित नालाहरु स्लैब सहित निर्माण गराईएको र सो नीति आउने आर्थिक वर्षहरुमा समेत लिईने व्यहोरा जानकारी गराउन चाहन्छु ।

**उपस्थित महानुभाव एवं सभा सदस्यज्यूहरु,**

आ.व.२०७९/०८० को विनियोजित रकम मध्ये आम्दानी तर्फ संघीय सरकार, प्रदेश सरकार, अन्य दातृ निकाय र नगरपालिकाको आफ्नो आन्तरिक स्रोत समेत बाट २०८० साल असाढ ९ गते सम्म रु ५५ करोड ६ लाख ८१ हजार प्राप्त भएको छ भने सोही अवधिमा रु ४४ करोड ६८ लाख १८ हजार ७४१ खर्च भएको छ । उक्त खर्च रकम प्राप्त रकमको ८१.१३% रहेको छ ।

आ.व.२०८०/०८१ को बजेट स्रोतको रुपमा यस नगरपालिकाको आन्तरिक आम्दानी तर्फ अनुमानित रु. ४ करोड, २५ लाख, वितिय समानीकरण अनुदान तर्फ (संघ र प्रदेश) बाट प्राप्त हुने रु. १२ करोड ७७ लाख, ४१ हजार, सशर्त अनुदान तर्फ (संघ र प्रदेश) बाट प्राप्त हुने रु २६ करोड ३३ लाख, समपुरक अनुदान तर्फ (संघ र प्रदेश) बाट प्राप्त हुने रु ७० लाख, विशेष अनुदान तर्फ (संघ र प्रदेश) बाट प्राप्त हुने रु १ करोड ८० लाख, राजश्व बाँडफाँड तर्फ (संघ प्रदेश र मालपोत कार्यालय) बाट प्राप्त हुने रु. १० करोड ४९ लाख, ४९ हजार, ६ सय सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुदान रु १ करोड, संघ सरकारबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि प्राप्त हुने रु ११ करोड गरी कुल बजेट रकम रु.६८ करोड ३४ लाख ९० हजार ६ सय को बजेट प्रस्तुत गरेको छु। जसमध्ये चालु खर्च तर्फ रु.४३ करोड ४९ लाख ४९ हजार ६ सय अर्थात (६३.६४%) वित्तिय व्यवस्थापन खर्च तर्फ रु ४५ लाख अर्थात (0.६६%) र पुँजीगत खर्च तर्फ रु.२४ करोड ४० लाख ४१ हजार अर्थात (३५.७०%) रहेको छ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

"**हाम्रो अभियान समृद्धि विकास र गौर नगरको श्रेष्ठ पहिचान**" लाई आत्मसात गर्दै अब म गौर नगरपालिकाले आ.व.२०८०/०८१ मा लिएको मुख्य नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष राख्न चाहन्छु ।

**शिक्षा तर्फः-**

१. शिक्षामा सबैको पहुँच स्थापित गर्न विद्यालय भर्ना अभियान चलाईनेछ ।
२. बालबलिकाको क्षमता विकास तथा विद्यालय प्रति अभिरुची जागृत गराउनका लागि साप्ताहिक रुपमा एक दिन अतिरिक्त कृयाकलाप गराउने नीति लिईनेछ।
३. पूर्ण साक्षर वडा घोषणा गर्दै पूर्ण साक्षर नगरको अभियान चलाईनेछ ।
४. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरवन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

५. नगरक्षेत्र भित्रका गुरुकुल, मदर्शा लगायतका परम्परागत शिक्षालयहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
६. गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सबै सामुदायिक विद्यालयहरुलाई सुचकमा आधारित भएर वर्गिकरण गरी वैज्ञानिक शुल्क निर्धारण गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्य राखी चालु आर्थिक वर्षमा जुद्ध नमूना मा.वि.को कक्षा 10 को पठन पाठनलाइ डिजिटल बनाईएकोमा आगामी आ.व. देखि कक्षा ८ र ९ मा समेत डिजिटल विधिको माध्यमबाट पठन पाठन प्रकृया अगाडी बढाईनेछ ।
८. नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयहरुमा एकै किसिमको रंगरोगन गरी आवश्यकता अनुसार शौचालय, बगैचा, पर्खाल निर्माण, वृक्षारोपण तथा ब्लक बिच्छयाउने समेतका भौतिक पूर्वाधारको निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।
९. नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयहरुमा पूर्व प्राथमिक तह देखि कक्षा ८ सम्म स्थानीय विषयको रुपमा वज्जिका/भोजपुरी भाषाको पाठ्यक्रम अनुरुप पठनपाठनको कार्यलाई बढावा दिईनेछ ।
१०. प्राविधिक शिक्षाको माध्यमबाट व्यवसायीक दक्ष जनशक्ति उत्पादनको लागि जुद्ध नमुना माध्यामिक विद्यालयमा विशेष प्राविधिक धारको १८ महिने आई.टि. कोर्ष कक्षा संचालन हुदै आएकोमा आगामी आ.व.देखि ३६ महिने आई.टि. कोर्ष संचालनमा ल्याईनेछ साथै कृषि तर्फ प्राविधिक शिक्षाको कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
११. विद्यालयबाट विचमै पढाई छाड्ने विद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्न निशुल्क पाठ्यपुस्तक, दिवाखाजा, छात्रबृति अनुदान एवं स्यानिटरी प्याड वितरणका लागि सामुदायिक विद्यालयहरुमा आधुनिक मेशिन जडान गरी प्रयोगमा ल्याएको छ भने आगामी आ.व. मा पनि यस कार्यलाइ निरन्तरता दिइनेछ ।
१२. सबै सामुदायिक विद्यालयहरुमा सुविधायुक्त विज्ञान प्रयोगशाला स्थापना तथा स्तरोन्नती गरिनेछ ।
१३. गौर नर्सिङ्ग क्याम्पसलाई अपग्रेड गरी नगरभित्रका विद्यार्थीहरुका लागि सीट आरक्षण गर्न पहल गर्ने नीति लिईनेछ ।
१४. प्राईभेट विद्यालयहरु सँग समन्वयन गरी गरिव, दलित तथा जेहेन्दार विद्यार्थीहरुको लागि निशुल्क शिक्षा उपलब्ध गराउन पहल गर्ने नीति लिईनेछ ।
१५. न्यून पारिश्रमिक सहित पठनपाठनमा संलग्न बाल विकास सहजकर्ताहरु, विद्यालय कर्मचारीहरुलाई संघीय सरकारको निश्चित मापदण्ड बमोजिम थप प्रोत्साहन रकम उपलब्ध गराउन पहल गरिनेछ ।
१६. शिक्षकहरुको कार्य सम्पादन र विद्यार्थीको उतिर्ण नतिजाको आधारमा दण्ड, पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।
१७. सफा, सुन्दर, हराभरा र वातावरणमैत्री विद्यालय निर्माणको लागि विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।
१८. नगर भित्रका सम्पूर्ण विद्यालयलाई लैंगिक मैत्री, बालमैत्री र अपाङ्गमैत्री शैक्षिक तथा भौतिक पहुचयुक्त वातावरण बनाउन आवश्यक सहकार्य गरिनेछ ।

१९. यस नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयमा विधुतिय हाजरी तथा शिक्षकको लगबुक राख्ने व्यवस्था अनिवार्य लागु गरिनेछ ।

२०. सामुदायिक सिकाई केन्द्रहरुलाई आवश्यक कार्यविधि बनाई व्यवस्थापन गरिनेछ ।

२१. जुद्ध नमुना मा.वि गौरको निर्माणाधिन विद्यालय भवन निर्माण कार्य समयमा नै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

२२. पुर्वाधारको आभाव रहेका सामुदायिक विधालयहरुमा पुर्वाधार निर्माणमा आवश्यक जोड दिइनेछ ।

२३. भारतीय दुतावासको आर्थिक सहयोगमा निर्माण कार्य शुरु भई अधुरो रहन गएको जुद्ध नमुना मा.वि.को छात्रावास तथा क्यान्टिन भवनको निर्माण प्रकृया पुन: भारतीय दुतावासको आर्थिक सहयोगमा आगामी आर्थिक वर्षमा निर्माण प्रकृया अगाडी बढाईनेछ ।

२४. जुद्ध नमुना मा.वि.मा आगामी वर्षमा डिजिटल पुस्तकालय (ई–लाईवेरी) को थालनी गरिनेछ।

**<u>स्वास्थ्य सेवा तर्फ</u>**

१. आधारभुत स्वास्थ्य सेवाहरु निशुल्क उपलब्ध गराईनेछ ।

२. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारको लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैर सरकारी संस्थाहरु सँग सहकार्यको नीति लिईनेछ ।

३. यस नगरपालिका भित्र रहेका क्षयरोगीहरुको संख्या शून्यमा झारी क्षयरोग मुक्त गौर नगरपालिका घोषणा गरिनेछ र यसको दिगोपना कायम राख्न विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

४. नगरवासीहरुलाई शुलभ दरको औषधी उपलब्ध गराउन परोपकारी संस्थाहरु सँग सहकार्य गरिनेछ । साथै शुलभ औषधालय संचालनको प्रकृया अगाडी बढाईनेछ ।

५. यस नगरपालिकाको वडा नं. २ र ४ मा सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर निर्माण कार्यको लागि त्रि–वर्षीय योजना अन्तर्गत रु ५ करोड ७६ लाख स्वीकृत भएकोमा आगामी आर्थिक वर्षमा सो बर्थिङग सेन्टर निर्माण कार्यको लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

६. आधारभूत स्वास्थ्य केन्द्रहरुको स्तरोन्नती तथा संस्थागत सुधार गर्दै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुती गराउने व्यवस्था मिलाईनेछ ।

७. स्वास्थ्य सेवा केन्द्रहरुमा निशुल्क औषधी, उपकरण र स्वास्थ्य सामाग्रीहरुको निरन्तर आपुर्ति र उपयोगलाई सुनिश्चत गरिनेछ ।

८. अति विपन्न वर्गका व्यक्तिहरुलाई सरकारी अस्पतालबाट निशुल्क उपचारका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

९. गर्भवति महिला तथा बालबालिकाहरुको लागि संचालनमा रहेको पोषण कार्यक्रमलाई अझ प्रभावकारी ढंगले निरन्तरता दिईनेछ ।

१०. निजी क्षेत्रबाट संचालित स्वास्थ्य संस्था, क्लिनिक एंव औषधी पसलहरुको निरन्तर अनुगमन गरी सुधारका रणनीति लागु गरिनेछ ।

११. नगरवासीहरुलाई रगत अभाव हुन नदिनका लागि नेपाल रेडक्रस भवनमा यस कार्यालयबाट निर्मित ब्लड बैंकको उचित व्यवस्थापन गरी नियमित संचालनमा ल्याईनेछ।

१२. आगामी आ.व. देखि नगरका प्रत्येक वडामा पहिलो चरणमा कम्तीमा १०० जनाको निशुल्क स्वास्थ्य बिमा गर्ने नीति लिईनेछ ।

१३. हरेक घर परिवारमा स्वास्थ्यकर्मीको टोली पुग्ने गरी घुम्ती स्वास्थ्य सेवा प्रारम्भ गरिनेछ।

१४. दिर्घरोग लागेका बिरामीहरुलाई मासिक रु ५ हजारका दरले दिईदै आएको उपचार खर्चलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।

१५. आयुर्वेदिक चिकित्सा प्रद्दति प्रति नागरिकको सहभागिता बढाउन आयुर्वेद जागरण कार्यक्रम संचालन गरी विद्यालय तथा सार्वजनिक स्थलहरुमा योग कक्षा तथा योग शिविर संचालनका साथै योग चिकित्सालयको स्थापनाको लागि पहल गरिनेछ ।

१६. नगरवासीहरुलाई स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चितताकाको उदेश्य राखी आगामी आर्थिक वर्षमा यस नगरपालिकाको वडा नं. ९ मा दातृ संस्थाको सहकार्यमा १० शैयाको सुविधा सम्पन्न नगर अस्पताल निर्माण कार्यको प्रकृया अगाडी बढाईनेछ ।

**खानेपानी तथा सरसफाई तर्फ**

१. गौर नगरपालिकालाई स्वच्छ, सफा र सुन्दर बनाउन फोहर व्यवस्थापन र नाला सफाईलाई निरन्तरता दिदैं लामखुट्टे नियन्त्रणलाई प्रभावकारी बनाउन "खुल्ला नाला मुक्त शहर" को अवधारणा कार्यान्वयनमा ल्याईनेछ।

२. शहरको विभिन्न स्थानहरुमा प्रदेश सरकारको सहयोगमा जडान भएका वाटर स्टलहरु मर्मत गरी संचालनमा ल्याईएको छ भने आगामी वर्षमा थप वाटर स्टलहरु विस्तार गरिनेछ ।

३. शहरका व्यस्त चौकहरुमा वा नगरका सार्वजनिक स्थलहरुमा जथाभावी फोहर गर्ने व्यक्ति वा व्यवसायीहरुलाई नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम जरिवाना गर्ने नीति लिईनेछ ।

४. संघीय सरकारबाट निर्मित सिसवा खानेपानी आयोजना, सिर्सिया खानेपानी आयोजना तथा निर्माणको अन्तिम चरणमा रहेको गढवा खानेपानी आयोजनालाइ खानेपानी कार्यालयको समन्वयमा यथोचित व्यवस्थापन गरी नगरबासीहरुलाइ सेवा सुविधा पुर्याउने नीति लिइनेछ।

५. यस न.पा.को बजार क्षेत्र, तथा भिडभाड बढी हुने स्थानहरुको पहिचान गरी आगामी आ.व.मा घुम्ती शौचालयको प्रबन्ध गरिनेछ भने व्यस्त स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण गर्ने नीति लिईनेछ ।

६. नगरक्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन गर्न लैण्डफिल्ड साइट व्यवस्थापनका साथै लेदो व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण कार्यको प्रक्रिया अगाडी बढाईनेछ ।

७. नगरको फोहोर मैला व्यवस्थापनका लागि आवश्यक पर्ने साधन तथा जनशक्तीको अझ प्रभावकारी ढंगले परिचालन गरिनेछ

८. गौर नगरभित्र जालो झै जेलिएका टेलिफोन, इन्टरनेट, विद्युतका तारहरु जथाभावी राखिएका होडिङ्ग बोर्डहरु व्यवस्थित गर्न लगाई नगरको सौन्दर्य बढाईनेछ ।

९. नगरका सबै वडाहरुमा आवश्यकता अनुसार डिप ट्यूबेल जडान गरिनेछ ।

१०. भौगोलिक रुपले गौर नगरपालिकाको बजार क्षेत्र होचो भु–भागमा रहेकोले विद्यमान पानी जम्ने समस्या न्यूनिकरणका लागि ढल निकासको व्यवस्थापन गरिनेछ ।

**<u>पूर्वाधार विकास तर्फः</u>**

१. नगर भित्रका सडक पूर्वाधार, ट्राफिकको वैज्ञानिक व्यवस्थापन र दिर्घकालिन मार्गदर्शनका लागि चक्रपथ निर्माणको प्रकृया अगाडी बढाउन पहल गरिनेछ ।

२. वि.पी.चौक (घण्टाघर) देखि जिल्ला प्रहरी कार्यालय सम्म सडकको दाँया बाँया दुबै तर्फ ब्लक सहितको फुटपाथ निर्माण गरी सो स्थललाई सौन्दर्यीकरण गरिनेछ ।

३. नगरको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठुला आयोजनाहरु पहिचान गरी नगर गौरब आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा स्रोतको अभाव हुन दिईने छैन् ।

४. मधेश आन्दोलन लगायतका आन्दोलनको क्रममा सहादत प्राप्त गर्नु भएका मधेशी शहिदहरुको स्मरणमा "मधेश स्तम्भ" तथा शहिद स्मारकको निर्माण कार्य अगाडी बढाईनेछ ।

५. विगतका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

६. सेवाग्राहीले जुन सुकै ठाउँबाट भवन निर्माण इजाजतको लागि आवेदन दिन मिल्ने र आफ्नो काम कुन तहमा पुगेको छ भनि हेर्न मिल्ने गरी इलेक्ट्रोनिक विल्डिङ्ग परमिट सिस्टम लागु गरी परम्परागत नक्सापास प्रकृयालाई विस्थापित गरी आधुकिकरण गरिनेछ ।

७. नगर भित्र भू–उपयोग नीति लागु गरिनेछ ।

८. नगरक्षेत्रका सडकहरुको वर्गीकरण गरी सडक मापदण्ड संहिता मार्फत सडक सुरक्षा कार्य योजना कार्यान्वयनमा ल्याईनेछ ।

९. बलियो सडक पूर्वाधारको लागि कच्ची सडकमुक्त अभियान अन्तर्गत सबै सडकलाई क्रमशः पक्कीकरण गर्दै लगिनेछ ।

१०. प्रत्येक घरलाई नाला सँग जोड्न १०० मिटरको दुरीमा चेम्बर निर्माण गरी स्लैब सहितको नाला निर्माण र सडक निर्माण कार्यलाई तिब्रता दिईनेछ ।

११. सडक मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१२. सबै सरकारी भवनहरुको लगत तयार गरी संरक्षण तथा मर्मतको व्यवस्था मिलाईनेछ।

१३. असहाय,दलित र विपन्न वर्गको लागि सुरक्षित आवासको व्यवस्था गर्ने नीति लिईनेछ ।

१४. राष्ट्रिय भवन संहिता बमोजिम भुकम्प प्रतिरोधि भवन निर्माण गर्न भवन मापदण्ड नीतिलाई थप व्यवस्थित बनाईनेछ । साविक निर्माण भएका र नक्सापास नभएका घरहरुलाई भवन अभिलेखिकरण वा नयाँ नक्सापास गर्दा कम्तिमा पनि दुई वटा विरुवा बृक्षारोपण गरेको प्रमाण सहित पेश हुन आएमा मात्र निर्माण सम्पन्न अनुमति प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१५. अन्तर नगरपालिका गौर–ईशनाथ जोड्ने वडा नं. २ को बानेश्वरनाथ मन्दिर नजिक लाल बकैया नदीमा निर्माणाधिन झोलुङ्गेपुल निर्माण कार्य आगामी आ.व. भित्र सम्पन्न गरी नगरवासीलाई हस्तान्तरण गरिनेछ ।

१६. संघीय सरकार तथा प्रदेश सरकारको सहयोगमा नगरका सडक, नाला, तथा अन्य भौतिक पूर्वाधारहरु निर्माण कार्यलाई जोड दिईनेछ ।

१७. गौर न.पा. वडा नं. ७ सिसवामा पर्यटकिय पूर्वाधार सहितको आधुनिक प्रवेशद्वार निर्माण कार्य शुरु गरिनेछ ।

**आर्थिक विकास तर्फ**

१. गौर न.पा.लाई आर्थिक रुपमा सबल बनाउन "तपाईले तिरेको कर, तपाईकै सेवा सुविधाको लागि, आफ्नै नगर निर्माणको लागि" भन्ने उद्देश्यले करको दायरालाई समयानुकुल सुधार गरी समय सान्दर्भिक बनाइनेछ र करका नयाँ स्रोतहरुको खोजी गरी, राजश्व सुधार कार्ययोजनाले दिएको सुझावलाई कार्यान्वयन गर्दै आन्तरिक आय वृद्धि गर्ने नीति लिइनेछ ।

२. वडा कार्यालयहरु सँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र बहालमा रहेनेहरुको अभिलेख अद्यावधिक राख्ने प्रणालिको विकास गरिनेछ ।

३. करदाताहरुलाई आफुले तिर्नु पर्ने कर दायित्व र कर तिर्ने समय सिमामा नै जानकारी दिन, निजहरुको मोबाईल नम्बरहरुमा विद्युतीय प्रणाली द्वारा सन्देश प्रवाहित गर्ने नीति लिईनेछ ।

४. गौर नगरपालिकाबाट तयार भएको राजश्व सुधार कार्य योजना २०८० स्वीकृत गरी २०८० श्रावण १ गते देखि लागु गरिनेछ ।

५. स्रोत परिचालन र व्यवस्थापनलाई यथार्थपरक बनाउने नीति लिदैं सबै कर शिर्षकहरुलाई व्यवस्थित बनाई अनलाइन प्रणालीको माध्यमबाट कर संकलन गर्ने प्रकृयालाई निरन्तरता दिईनेछ ।

६. यस नगरपालिकामा सबै भन्दा बढी कर तिर्ने करदाता एवं नगरलाई आर्थिक रुपमा आत्मनिर्भरता तर्फ लैजाने व्यवसायी/उद्योगीलाई, सम्मान गर्ने कार्यक्रमको थालनी गरिनेछ।

७. स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको बहाल कर र व्यवसायकर संकलन कार्यलाई स्थलगत रुपमा टोली परिचालन गरी व्यवस्थित गरिनेछ ।

**कृषि विकास तथा पशु सेवा तर्फ**

१. कृषि तथा पशुपन्छी व्यवसायीहरुको उत्पादन बजारीकरणका लागि कृषि–एम्बुलेन्स खरिद गरी संचालनमा ल्याईनेछ ।

२. गौर नगरपालिकाको कृषि उपजलाई व्यवस्थित गर्न तथा कृषकहरुको सुविधाको लागि यथोचित जग्गा सुनिश्चित गरी शित भण्डारको निर्माण गरिनेछ उक्त कार्यको लागि रु १ करोड ३९ लाख ९१ हजार विनियोजन समेत गरेको छु ।

३. नगरवासीलाई कृषि कार्यमा प्रोत्साहन गर्नका लागि सिचाई नपुगेका स्थानहरुमा साना सिचाई प्रबर्द्धन कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

४. कृषकहरुलाई माछा पालनमा आत्म निर्भर बनाउन व्यवसायीक माछा पालन कार्यक्रम संचालनमा ल्याईनेछ ।
५. कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै कृषक पेशामा आवद्ध नगरवासीहरुलाई कृषिमा आत्म निर्भर बनाउन कृषकहरुद्धारा समूहमा गरिने आलु, केरा, उखु, धान, गहुँ, तरकारी तथा फलफुल खेतीलाई कृषि प्राविधिकको उपलब्धता सहित प्रोत्साहन गर्ने नीति लिईनेछ ।
६. नगरपालिकाको आवश्यक स्थानमा कृषि हाट बजार तथा कृषि उपज संकलन केन्द्र स्थापना तथा पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
७. सामूहिक तथा सहकारी खेती प्रणालीबाट कृषि कार्य गर्ने कृषकलाई प्रोत्साहित गरिनेछ
८. कृषकहरुको बालिनालीको लागि ऋण उपलब्ध गराउन र बिमा गर्न वितिय संस्था सँग समन्वय र सहजिकरण गरिनेछ ।
९. पहिलो चरणमा नगरक्षेत्रका ५०० जना कृषकहरुको पहिचान सहित तथ्यांक संकलन गरी किसान परिचय पत्र वितरण कार्य सम्पन्न गरिएकोले, सो कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिईनेछ।
१०. गत विगतको भन्दा किसानलाई सहज र सुलभ तरिकाले मलखाद, उन्नत बिउ विजन, विषादी, कृषि यन्त्र उपकरण र प्राविधिक तथा व्यवसायीक तालिम उपलब्ध गराउन विशेष पहल र सहजिकरण गरिनेछ ।
११. स्थानीय हाट बजारमा बिक्री हुने माछा, मासु पसलहरुलाई व्यवसायमा आवद्ध गरी व्यवस्थित बनाईनेछ ।
१२. न.पा.को प्रत्येक वडामा पशुपालक किसानहरुको सेवा, सुविधाका लागि पशुधनमा हुन सक्ने भ्यागुते रोग, खोरेत रोग, लम्पी स्किन रोग लगायतका संक्रमण रोकथाम गर्न निशुल्क औषधी सहित पशु प्राविधिक टोली परिचालन गरिनेछ ।
१३. उन्नत जातको पशु र गोठ सुधार कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
१४. कृषकहरुलाई समायानुकुल तालिम, कृषि पाठशालाको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ ।
१५. आधुनिक र व्यवसायिक फर्म संचालन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
१६. व्यवसायिक रुपमा पशुपंक्षि पालन गर्ने व्यवसायिलाई अनुदानको व्यवस्था मिलाईनेछ ।
१७. नगरका किसानहरुलाई सिंचाई सुविधा उपलब्ध गराउन नेपाल विद्युत प्राधिकरणको सहकार्यमा कृषि सिंचाईको लागि सहुलियत पूर्ण व्यवस्था गरिनेछ ।
१८. नगर भित्रका कृषि योग्य तथा गैर कृषि योग्य जग्गाको वर्गीकरण गराउन आगामी आर्थिक वर्षमा माटो परीक्षणको कार्यलाई अगाडी बढाईनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

१. नगरपालिका क्षेत्रभित्रका तोकिएका सडकहरुको दुबै छेउमा मापदण्ड अनुसार वृक्षारोपण कार्यक्रम अगाडी बढाईनेछ ।

२. यस नगरपालिकामा नियमित प्राकृतिक विपद्को रुपमा रहेको बाढी, आगलागी र शितलहरबाट बचाउन विशेष कार्यक्रम ल्याईनेछ र यसको लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
३. जलवायु परिवर्तनबाट पर्ने नकारात्मक असरहरुलाई न्यूनिकरणका लागि आवश्यक व्यवस्था गर्दै विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
४. वायु तथा ध्वनी प्रदुषण नियन्त्रण सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालनमा ल्याईनेछ ।
५. नगरलाई स्वच्छ, सफा र वातावरणमैत्री बनाउन फोहोरमैला प्रसोधन केन्द्र निर्माण गरी "फोहोर बाट मोहर" बनाउने नीतिका साथ सो कार्य आगामी वर्ष भित्रमा सम्पन्न गर्न जोड दिईनेछ।
६. विपदबाट हुने क्षति न्युनिकरणका लागि तत्काल राहत र उद्धार कार्यमा जोड दिईनेछ।यस कार्यमा नगर प्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा समेत विशेष जोड दिईनेछ ।
७. नगर भित्रका विपद् जोखिम क्षेत्रको नक्सांकन तथा जोखिमयुक्त वस्तीहरुको पहिचान गरी स्थानान्तरणको लागि आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।
८. नगर भित्र बग्ने लाल बकैया नदीको बाँध कटानका कारण नगरवासीले भोग्नु परेको समस्यालाई न्यूनिकरण गर्न सम्बन्धित निकायसँग सहकार्य गरी लाल बकैया नदीको बाँधलाई मर्मत गरी व्यवस्थित बनाउन जोड दिईनेछ ।
९. वारुण यन्त्र संचालन एवं व्यवस्थापनलाई अझ प्रभावकारी बनाईनेछ ।

**<u>उद्योग/वाणिज्य तर्फ</u>**

१. लघु तथा घरेलु उद्योगहरुको लगत संकलन गरी उद्योगहरुको प्रवर्धन र विकासमा जोड दिइनेछ ।
२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत चालु आ.व.मा करिव १०० जना नगरवासीहरुलाई सीपमुलक तालिम प्रदान गरी उद्यमी बनाईएको साथै १२० जनलाई मोटर ड्राईभिङ्ग सम्बन्धी सीप उपलब्ध गराई स्वरोजगार उन्मुख बनाइएकोमा आगामी आ.व.मा समेत यस कार्यक्रमलाई न.पा.को हरेक वडाहरुमा विस्तार गर्दै अझ बढी प्रभावकारी ढंगले संचालनमा ल्याइनेछ ।
३. कृषिमा आधारित उद्योग/व्यवसाय स्थापना र संचालनमा प्रोत्साहित गर्न उद्योग दर्ता, नविकरण गर्दा लाग्ने शुल्कमा छुट दिने नीति अवलम्बन गरिनेछ।
४. उद्योग व्यवसाय प्रवर्द्धनका लागि उद्योग वाणिज्य संघको सहकार्यमा आगामी आ.व.मा व्यापारमेला/व्यापार महोत्सवको आयोजना गरिनेछ ।
५. वितीय संस्थाहरुको स्थापना एवं प्रोत्साहनमा जोड दिईनेछ ।

६. घरेलु उद्योगहरुलाई प्रोत्साहन र नियमन गरिनेछ ।
७. ठुला र मझौला उद्योगहरुको स्थापनाका लागि पहल गरिनेछ ।

**संस्कृति तथा पर्यटन प्रवर्द्धन तर्फः**

१. नगरपालिकको ईतिहास, संस्कृति, मौलिक परम्परा र पहिचान समेटी तस्वीर, चित्रकथा, श्रब्यदृश्य सामाग्री निर्माण गरिनेछ ।
२. यस नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक मठ, वानेश्वरनाथ मन्दिर, सोवर्णामाई मन्दिर, विष्णु मन्दिर, शिवालय मन्दिर, मस्जिद, मर्दसा जस्ता सास्कृतिक सम्पदाहरुलाई गुरु योजना बमोजिम पर्यटन पूर्वाधार विकास गर्दै यस क्षेत्रको महत्वपूर्ण पर्यटन सम्पदाको रुपमा स्थापित गरिनेछ ।
३. वरहवा ताल, शिवालय पोखरी, अदालत पोखरीहरुको सौन्दर्यिकरण तथा संरक्षण गरी पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।
४. मधेश तथा मिथिलाको पहिचान झल्किने गरी संस्कृति प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
५. धार्मिक, सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि दशै, दिपावली, छठ, जितिया, ईद, बकरईद, होली जस्ता महत्वपूर्ण पर्वहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरण**

१. समाजमा महिलाहरु माथि हुने विभेद अन्त्य र महिलाहरुको आत्म सम्मान तथा सशक्तिकरणको लागि आवश्यक कार्य योजनाहरु ल्याईनेछ ।
२. तिलक/दहेज प्रथा, बाल विवाह र खर्चिलो विवाह प्रणालीलाई निरुत्साहित गर्न गरिब असहाय तथा दलित र अति गरिव मुस्लिम समुदायको SEE उतीर्ण गरेका उमेर पुगेको छोरीको विवाहमा सहजिकरण गर्ने नीति लिईनेछ,
३. महिला स्वयं सेविकाले गरेको योगदानको कदर गर्न नगरपालिकामा कार्यरत महिला स्वयं सेविकाहरुलाई सेवाप्रति थप प्रोत्साहित गरिनेछ ।
४. नगरका वरिष्ठ नागरिकहरुलाई पर्यटन तथा तिर्थस्थल देखाउने उदेश्यले धार्मिक भ्रमण गराउने नीति लिईनेछ ।
५. नगरभित्र निर्माण हुने सबै पूर्वाधारहरु अपाङ्गमैत्री बनाईनेछ ।
६. बालमैत्री स्थानीय शासन अनुरुप नगरपालिकाले प्रदान गर्ने सबै प्रकारका सेवाहरु संचालन हुने व्यवस्था मिलाईनेछ ।

**सहकारी तर्फः–**

१. सहकारी संस्थाको दर्ता, अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समयानुकुल परिमार्जन गरिनेछ ।
२. सहकारीको नियमन प्रणालीलाई चुस्त दुरुस्त बनाउदै प्रचलित कानून विपरित संचालनमा रहेका सहकारी संस्थाको दर्ता खारेज गरिनेछ ।

३. नगरक्षेत्रको सम्पूर्ण सहकारी संस्थाको तथ्यांक संकलन गरी व्यवस्थित अभिलेखिकरण गरिनेछ ।
४. कृषि समूह तथा महिला समूहहरुलाई सहकारीमा आवद्ध हुन प्रोत्साहित गरिनेछ ।
५. सहकारी संघ संस्था तथा सो संस्थाका सदस्यहरुलाई वित्तिय साक्षरता, लेखा व्यवस्थापन तथा अन्य आवश्यक सीप तालिम प्रदान गरिनेछ ।

**कानुन तथा न्याय**

१. न्यायिक समितिको काम कारवाही प्रभावकारी तुल्याई शिघ्र न्याय निरुपण अभियान चलाईनेछ । न्यायिक समितिको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।
२. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनले प्रदान गरेको जिम्मेवारीलाई प्रभावकारी ढंगबाट सम्पादन गर्न आवश्यक ऐन, नियम र कार्यविधिहरु तर्जुमा गरिनेछ।
३. नगरपालिकाको स्थानीय ऐन, संग्रह प्रकाशित गरिनेछ ।

**युवा तथा खेलकुद विकास तर्फ**

१. यस नगरपालिकाको मुटुमा अवस्थित गौर राईस मिललाई आगामी आर्थिक वर्ष भित्रै प्रदेश सरकारको सहयोग र यस नगरपालिकाको सहकार्यमा अधिग्रहण गरी नगरपालिकाको स्वामित्वमा ल्याई खेल मैदानको रुपमा प्रयोगमा ल्याउन आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।
२. नगर भित्रका खेलाडीहरुको मनोबल बढाउन आगामी वर्ष देखि "मेयरकप" क्रिकेट टुर्नामेन्ट प्रतियोगिता आयोजना गरिनेछ ।
३. खेलाडीहरुलाई प्रोत्साहित गर्न आवश्यक खेलकुद सामाग्रीहरु उपलब्ध गराईनेछ ।
४. राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक प्राप्त गर्न सफल खेलाडीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।
५. नगरक्षेत्रमा जग्गा व्यवस्थापन गरी स्टेडियम तथा कभर्ड हल निर्माणको कार्य अगाडी बढाईनेछ ।

**रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनिकरण तर्फ**

६. आन्तरिक रोजगारी प्रर्वद्धन, दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन, सुरक्षित, मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरुको समुचित बिकास गर्न पाँच वर्षे रोजगार रणनीतिक योजना बनाई लागु गरिनेछ ।

७. न्यूनतम रोजगारीको प्रत्याभूति हुनेगरी प्रधानमन्त्री रोजगार कार्यक्रम अझ प्रभावकारी रुपमा अघि बढाउन सामुदायिक आयोजनाहरुमा पालिकाको लागत साझेदारी गरिनेछ, वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारी प्रवर्द्धन गरी भौतिक पुर्वाधारको बिकासमा जोड दिईनेछ ।

८. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने अवधारणा लागु गरिनेछ।

९. नविनतम् युवा लक्षित व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईनेछ, नवप्रवर्तन व्यावसाय प्रस्तावका आधारमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रम ल्याईनेछ ।

१०. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको ज्ञान र सीप समेटिएको व्यवस्थित वडागत तथ्याङ्कको अभिलेखिकरण गरिनेछ ।

११. श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका आवेदनलाई सरल, शुलभ तथा व्यवस्थित सहजिकरण सहितको सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुद्ढिकरण गरिनुका साथै वैदेशिक रोजगारीका अवसरहरुको सृजना गरिनेछ ।

१२. रोजगारी सृजना हुने सीप विकासमा विशेष जोड दिईनेछ ।

१३. चालु आ.व.मा बैदेशिक रोजगारीबाट विस्थापित भएका 100 जना नगरवासीहरुलाई पुन: एकिकरण कार्यक्रमका माध्यमबाट सीप सिकाई स्व-रोजगारी तर्फ अग्रसर गराइएकोमा आगामी आ.व. मा समेत यस प्रकृतीको कार्यक्रमहरु सचालनमा जोड दिइनेछ ।

## उर्जा

१. मेयरसँग उज्यालो कार्यक्रम अन्तर्गत सडक वत्ती जडान तथा मर्मत र ५ एम्पीयरको सिंगल फेज मिटर जडानमा ३० यूनिट सम्म विधुत महशुल निशुल्क कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२. नगरक्षेत्र भित्र रहेका अव्यवस्थित बिधुत पोलहरु व्यवस्थापन तथा खुल्ला तारहरुलाई इन्सुलेटेड (कभरिङ्ग) गरी व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

३. बाँयो ग्याँस, विद्युतीय चुलो (इन्डक्सन चुलो) सौर्य उर्जा र सौर्यवत्ती जडानमा विशेष जोड दिईनेछ।

## सूचना तथा संचार

१. नगरपालिकाले प्रवाह गर्ने हरेक सेवालाई चुस्त दुरुस्त पारदर्शी तथा प्रविधिमैत्री बनाउन आधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिइनुका साथै न.पा.कार्यालयलाई पेपरलेस बनाउने नीति अबलम्बन गरिनेछ ।

२. नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आबद्ध गरी छिटो छरितो गुणस्तरीय र पारदर्शी बनाईनेछ ।
३. नगरमा क्रियाशिल संचारकर्मी र संचार क्षेत्रको क्षमता अभिविद्धि गर्न आवश्यक कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
४. पत्रपत्रिका तथा एफ एम रेडियो संचालन सम्बन्धी आवश्यक कानुन तर्जुमा गरिनेछ ।

**<u>शान्ति सुरक्षा</u>**

१. नगरप्रहरीको दक्षता क्षमता अभिविद्ध गर्दै विपद् व्यवस्थापन तथा नगरपालिकाले आवश्यक ठानेका अन्य सम्पुर्ण कार्यमा नगर प्रहरी परिचालन गर्ने नीति लिईनेछ
२. नगरवासी एवं व्यवसायीहरुको सुरक्षालाई दृष्टिगत गरी नेपाल प्रहरीको सहकार्यमा शहरका महत्वपूर्ण स्थानहरुमा जडान गरिएका CCTV मर्मत सम्भार तथा थप आवश्यक स्थानहरु पहिचान गरी थप CCTV जडान कार्यलाई अगाडी बढाईनेछ ।

**<u>सुशासन तथा संस्थागत विकास</u>**

१. प्रत्येक शनिवार संचालन हुदै आएको "जनता दरवार तथा सार्वजनिक सुनुवाई" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२. नगरभित्रका सबै सामुदायिक विद्यालय तथा वडा कार्यालयहरु र विषयगत शाखाहरुमा ई–हाजरी जडान गरिनेछ ।
३. नगरपालिका र मातहतका निकायमा नागरिक सहायता कक्षको स्थापना तथा नागरिक वडापत्र र सुझाव पेटीका अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था मिलाईनेछ।
४. नगरपालिकाका सम्पूर्ण सूचनाहरुमा जनताको पहुँच पुर्याउन वेबसाईटलाई प्रभावकारी बनाईनेछ ।
५. वितीय अनुशासन कायम गरी भ्रष्टाचारमा शून्य सहनशिलतालाई कडाईका साथ पालना गरिनेछ ।
६. यस नगरपालिकाको राजश्व प्रशासनलाई चुस्त दुरुस्त तथा पारदर्शी बनाउन गत आर्थिक वर्ष देखी संचालनमा ल्याईएको अनलाईन राजश्व संकलन प्रणालीबाट नै राजश्व संकलन गर्ने तथा सेवाग्राहीले आफुलाई पायक पर्ने कुनै स्थानबाट राजश्व दाखिल गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
७. यस नगरपालिकालाई आवश्यक पर्ने वस्तुगत व्यवस्थापन गर्न तथा कार्यालयमा आवश्कताको आधारमा शाखा, उपशाखा र ईकाइहरु गठन गरी नागरिकको काम छिटो र छरितो प्रवाह हुने उदेश्य लिई कार्य अगाडी बढाईनेछ ।
८. आगामी आ.व.मा यस नगरपालिकाको आवधिक विकास योजना मध्यकालिन खर्च संरचना र यातायात गुरुयोजना तयार गरी कार्यान्वय गरिनेछ ।
९. गुणस्तरीय र राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र गलत तथा अनुशासनहिन कार्य गर्ने कर्मचारीलाई दण्डित गर्ने नीति लिईनेछ ।
१०. यस नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको वृति विकास र क्षमता अभिबृद्धिको लागि विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

११. कार्यालयको कामको शिलशिलामा दुर्घटनामा परेका कर्मचारीहरुको उपचारको लागि उपचार कोषको व्यवस्था गरिनेछ ।

**अन्त्यमा**

लोकतान्त्रिक विधि र पद्धतिबाट निर्माण गरिएको नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यान्वयन गर्न सबै विकास साझेदारहरुसँगको सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्यता छ । त्यसैले यस सम्मानित नगर अधिवेशन मार्फत समृद्ध गौरको निर्माणको अभियानमा सहकार्यको लागि सम्पुर्ण सरकारी निकायहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु एवं सम्पुर्ण सरोकारवालाहरुसँग हार्दिक अनुरोध गर्दछु ।

आजको यस १२ औं नगर अधिवेशनको समुदघाटन समारोहमा उपस्थित भई कार्यक्रमको शोभा बढाई दिनु हुने प्रमुख अतिथि पूर्व प्रधानमन्त्री सम्माननीय श्री माधव कुमार नेपालज्यू, विशिष्ट अतिथि प्रदेश सांसद माननीय नागेन्द्र प्रसाद साहज्यू, प्रदेश सांसद माननीय किशोरी देवीज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु अन्य अतिथिज्यूहरु, सभाका सदस्यज्यूहरु, पत्रकारमित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा पुनःएकपटक हृदय देखि नै हार्दिक आभार प्रकट गर्दछु ।

गौर नगरपालिकाको विकास र समृद्धिका लागि सबै पक्षको सकारात्मक समन्वय र सहयोगको आशा अपेक्षा सहित यस गरिमामय सभामा आवश्यक छलफल र स्वीकृतीका लागि यो नीति तथा कार्यक्रम पेश गरेको छु ।

**धन्यवाद ।**
**जय गौर, जय नगरवासी**

२०८० साल आषाढ १०